जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily


**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : ४९ | २०८३ साल जेष्ठ २१ गते, बिहीबार | Thursday, June.– 04 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## रवि लामिछाने र भारतीय प्रधानमन्त्री मोदीबीच भेटवार्ता, आपसी सहकार्यमा जोड

काठमाडौं, जेठ २० -



भारत भ्रमणमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच औपचारिक भेटवार्ता भएको छ।

आज दिउँसो भारतीय प्रधानमन्त्री कार्यालयमा भएको भेटमा दुई नेताबीच आपसी सम्बन्ध, द्विपक्षीय हित तथा सहकार्यका विविध पक्षमा छलफल भएको बताइएको छ।

भेटपछि भारतीय प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल 'एक्स' मार्फत भेटबारे जानकारी दिँदै लामिछानेसँग भेट गर्न पाउँदा खुशी लागेको उल्लेख गरेका छन्। उनले 'छिमेकी पहिलो' नीतिअन्तर्गत नेपाल भारतबीचको सम्बन्धलाई अझ मजबुत बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरेका छन्।

मोदीले साझा समृद्धि र उज्ज्वल भविष्यका लागि सहकार्य गर्न लामिछानेको इच्छालाई स्वागत गर्दै भारत-नेपाल सम्बन्धलाई थप उचाइमा पुर्‍याउने दिशामा काम गर्ने बताएका छन्।

लामिछाने भारतीय जनता पार्टी (भाजपा) का अध्यक्ष नीतिन नवीनको निमन्त्रणामा पाँचदिने भारत भ्रमणमा गएका हुन्।

भ्रमणका क्रममा उनले हिजो भारतीय गृहमन्त्री अमित शाह र विदेशमन्त्री एस. जयशंकरसँग पनि छुट्टाछुट्टै भेटवार्ता गरेका थिए।

भ्रमण टोलीमा लामिछानेसँगै उनकी पत्नी निकिता पौडेल, सहमहामन्त्री विपिन आचार्य, सचिवालय सदस्य दीपक बोहरा र स्वकीय सचिव प्रदीप आचार्य सहभागी छन्।

## फर्सीको बीउ बाराको सीमामा तस्करीको विशाल सञ्जाल, मटिअर्वा र सिम्रौनगढमा सयौं बोराको चाङ पर्दैन प्रहरीको नजर

***संवाहक सम्वादाता***-२० बैशाख, कलैया







बालेन सरकारको सिमामा अबैध कारोबारलाई रोक्न कडा निर्देशन गरेपनि बोर्डरमा सुरक्षाकर्मीको हर्कतले सुशासनलाई खिल्ली उडाउदै उहिलेको भन्दा अहिले व्यापक सक्रिय कारोबार मौलाएको छ। बाराको सीमावर्ती क्षेत्रमा फर्सीको बीउ ठूलो परिमाणमा संगठित तस्करी र राजस्व छली भइरहेको गम्भीर सार्वजनिक भएको छ। नेपाल-भारत खुला सीमाको फाइदा उठाउँदै मटिअर्वा, सिम्रौनगढ, मुसहर्वा, छतवा, बेल्दारी र कचौर्वा जस्ता नाकाहरूलाई मुख्य ट्रान्जिट बिन्दु बनाइएको स्थानीय स्रोतको दाबी छ, जहाँ प्रतिबन्धित चिनियाँ फर्सीको बीउ र अन्य महँगो उपभोग्य वस्तुहरूको अवैध ओसारपसार सहज बनाइएको भनिएको छ।

चिनियाँ फर्सीको बीउ आवश्यक भन्सार प्रक्रिया, आन्तरिक चलान तथा भेहिकल एण्ड कन्साइनमेन्ट ट्र्याकिङ सिस्टम (ख्ऋत्क) बिना नै सीमावर्ती क्षेत्रमा तस्करीको लागि भण्डारण तस्करी हुँदै आएको छ। मटिअर्वा क्षेत्रको दसगजा नजिकको मोजामिल कबाड गोदाममा करिब ११२ बोरा तथा कुश्वाहा र अरबिन्दको सिम्रौनगढस्थित सुरक्षित गोदाममा करिब ३०० बोरा

बाँकी तेस्रो पृष्ठमा

## धानको बिउसहित मोटरसाइकल बरामद

***संवाहक सम्वादाता***-२० बैशाख, कलैया



बारा प्रहरीले भारतबाट अवैध रूपमा भन्सार छली गरी नेपाल भित्र्याइएको धानको बिउसहित एक मोटरसाइकल नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार मंगलबार बिहान करिब ५:३० बजे इलाका प्रहरी कार्यालय छतवाबाट प्रहरी नायव निरीक्षक दल बहादुर श्रेष्ठको नेतृत्वमा खटिएको गस्ती टोलीले विश्रामपुर गाउँपालिका-१ कल्याणपुर क्षेत्रमा उक्त सामान बरामद गरेको हो।

प्रहरीका अनुसार भारतबाट अवैध रूपमा ल्याइएको ५ बोरा २ प्याकेट धानको बिउ अन्दाजी ५२ हजार २०० रुपैयाँ बराबरको ना.४१ प ३३७१ नम्बरको मोटरसाइकलमा राखेर नेपालतर्फ ल्याइँदै थियो। प्रहरी टोलीलाई देख्नासाथ मोटरसाइकल चालक सामानसहितको मोटरसाइकल त्यहीँ छाडेर फरार भएका थिए।

बरामद गरिएको धानको बिउ र मोटरसाइकल नियन्त्रणमा लिई फरार व्यक्तिको खोजी तथा घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।यो संस्करण पत्रिका वा अनलाइन समाचारका लागि उपयुक्त समाचार शैलीमा तयार गरिएको हो।

## बालिका सिद्धि मिश्र रहस्यमय रूपमा बेपत्ता, खोजी तीव्र

***संवाहक सम्वादाता***-२० बैशाख, कलैया



वीरगञ्जकी बालिका सिद्धि मिश्र गत वैशाख १६ गतेदेखि रहस्यमय परिस्थितिमा बेपत्ता भएकी छन्। हालसम्म उनको अवस्थाबारे कुनै ठोस जानकारी प्राप्त हुन नसकेको परिवारले जनाएको छ।

परिवारका सदस्यका अनुसार सिद्धि बेपत्ता भएपछि आफन्त तथा सम्भावित स्थानहरूमा व्यापक खोजी गरिएको भए पनि कुनै सुराक फेला परेको छैन। बालिका सम्पर्कविहीन भएपछि परिवार गम्भीर चिन्तामा रहेको छ।

घटनालाई गम्भीर रूपमा लिँदै भारतका प्रहरी निरीक्षक (इन्स्पेक्टर) मनोज कुमार शर्माले सिद्धि मिश्रको सुरक्षित उद्धार वा अवस्थिति सम्बन्धी विश्वसनीय सूचना उपलब्ध गराउने व्यक्तिलाई १ लाख भारतीय रुपैयाँ पुरस्कार प्रदान गरिने घोषणा गरेका छन्। प्रहरी अधिकारी शर्माले बालिकासम्बन्धी कुनै पनि जानकारी भएमा तत्काल सम्पर्क गर्न आग्रह गर्दै आफ्नो सम्पर्क नम्बर समेत सार्वजनिक गरेका छन्।

बालिकाको खोजी तथा उद्धारका लागि सम्बन्धित निकाय र परिवारले सहयोगका लागि सबैलाई अपिल गरेका छन्। सुरक्षाकर्मीहरूले घटनालाई प्राथमिकतामा राखेर अनुसन्धान तथा खोजी कार्य अघि बढाइरहेका छन्।

## वन गस्ती टोलीमाथि तस्करको आक्रमण, वन कर्मचारीसहित ५ जना घाइते

***संवाहक सम्वादाता***-२० बैशाख, कलैया



रौतहटको वन क्षेत्रमा गस्तीमा खटिएको संयुक्त टोलीमाथि काठ तस्कर समूहले आक्रमण गर्दा वन कर्मचारीसहित पाँच जना घाइते भएका छन्।

डिभिजन वन कार्यालय र रङ्गपुर साझेदारी वन उपभोक्ता समितिको संयुक्त गस्ती टोलीमाथि सोमबार राति चन्द्रनिगाहपुर-मैरा सडकखण्डअन्तर्गत पुल नजिकै आक्रमण भएको हो।

वन कार्यालयका अनुसार काठ चोरी भइरहेको सूचनाका आधारमा जंगल क्षेत्रमा पुगेको गस्ती टोलीलाई तस्कर समूहले घेरा हालेर कुटपिट गरेको थियो।

आक्रमणमा डिभिजन वन कार्यालयका सहायक वन अधिकृत राजकुमार चौधरी, वन रक्षक सुरेन्द्र चौधरी, रङ्गपुर साझेदारी वन उपभोक्ता समितिका सदस्य अर्जुन चौधरी र बिमल थापा तथा गस्ती गाडीका चालक अरविन्द पटेल घाइते भएका छन्।

रङ्गपुर साझेदारी वन उपभोक्ता समितिका अध्यक्ष अशोक यादवका अनुसार सूचना पाएपछि गस्तीमा गएको टोलीमाथि जंगलभित्रै संगठित रूपमा आक्रमण गरिएको हो। घटनापछि वन कर्मचारी तथा उपभोक्ता समितिले दोषीमाथि कडा कारबाहीको माग गरेका छन्।

प्रहरीले घटनामा संलग्न व्यक्तिहरूको पहिचान र खोजी कार्य सुरु गरेको जनाएको छ।

वन संरक्षणमा खटिएका कर्मचारीमाथि नै आक्रमण भएपछि रौतहटमा सक्रिय तस्करी सञ्जाल र सुरक्षा व्यवस्थाबारे पुनः प्रश्न उठेको छ।

## अजित कुमार सिंह हत्या प्रकरणका फरार अभियुक्त पक्राउ

***संवाहक सम्वादाता***-२० बैशाख, कलैया



बारा प्रहरीले करिब तीन वर्षअघि भएको हत्या घटनामा संलग्न रही फरार रहेका एक अभियुक्तलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय बाराले जारी गरेको प्रेस विज्ञप्तिअनुसार इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट प्रहरी नायव निरीक्षक राजीव यादवको नेतृत्वमा खटिएको टोलीले पचरौता नगरपालिका-४ बेल्दारीबाट भारतका एक नागरिकलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा भारतको बिहार राज्य मोतिहारी जिल्ला, थाना दरपा अन्तर्गत तिनकोनी ग्राम पञ्चायत निवासी ३० वर्षीय रञ्जित मुखिया रहेका छन्। उनी २०८० असोज ९ गते पचरौता नगरपालिका-६ पकडियास्थित लक्ष्मिनिया पोखरीको डिलमा अजित कुमार सिंहको गोली हानी हत्या गरिएको घटनामा संलग्न रहेको आरोपमा खोजी सूचीमा रहेका थिए।

घटनापछि फरार रहेका मुखियालाई विशेष निगरानी तथा खोजी अभियानका क्रममा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका मुखियामाथि थप अनुसन्धान तथा कानुनी प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्युटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय ........

# यातायातको अनियमितता बारे निष्पक्ष छानबिन आवश्यक

यातायात व्यवस्था कार्यालय वीरगञ्जको लेखा शाखामा राजस्व संकलन तथा नगदी रसिद वितरण प्रक्रियामा अनियमितता भएको आरोप सार्वजनिक हुनु गम्भीर विषय हो। यदि सार्वजनिक भएका आरोपहरू सत्य सावित भए भने यसले सरकारी राजस्व प्रणालीमाथिको जनविश्वासलाई कमजोर बनाउने मात्र होइन, राज्यको आर्थिक हितमा समेत प्रत्यक्ष असर पार्नेछ।

सरकारी कार्यालयहरू नागरिकलाई सहज, पारदर्शी र उत्तरदायी सेवा प्रदान गर्न स्थापित गरिएका हुन्छन्। तर सेवाग्राहीलाई अनावश्यक झमेला सिर्जना गरी अतिरिक्त रकम असुल्ने, आवश्यक नभएका कागजात माग्ने वा राजस्व प्रक्रियामा गडबडी गर्ने जस्ता आरोपले सुशासनमाथि प्रश्न उठाएको छ। यस्ता विषयलाई सामान्य रूपमा लिन मिल्दैन।

यद्यपि आरोप लाग्दैमा कुनै व्यक्ति वा कर्मचारी दोषी ठहरिँदैनन्। त्यसैले सम्बन्धित निकायले निष्पक्ष, पारदर्शी र तथ्यमा आधारित छानबिन गर्नु आवश्यक छ। छानबिनबाट आरोप पुष्टि भए कानुनबमोजिम कारबाही हुनुपर्छ भने आरोप असत्य सावित भए सम्बन्धित कर्मचारीको प्रतिष्ठाको पनि संरक्षण गरिनुपर्छ।

मधेश प्रदेश सरकार, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा अन्य सरोकारवाला निकायहरूले यस विषयलाई गम्भीरतापूर्वक लिएर सत्यतथ्य सार्वजनिक गर्नुपर्छ। सार्वजनिक निकायप्रतिको विश्वास कायम राख्न र सुशासनको प्रत्याभूति दिन पारदर्शी छानबिन आजको आवश्यकता हो।

# दिगो विकासमा भूउपयोग




पालिका अहिले आगामी वर्षको वार्षिक विकास कार्यक्रम तर्जुमामा व्यस्त छन्। सबै पालिकाले भूउपयोगलाई केन्द्रमा राखेर दिगो विकासको अभीष्ट पूरा गर्ने सुदूर भविष्यको दृष्टिकोण राख्न भुल्न हुँदैन, स्थानीय सरकारका नाताले यो उसको दायित्व हो।



गोपीनाथ मैनाली

भूमि महत्वपूर्ण प्राकृतिक स्रोत हो, जसलाई बढाउन सकिँदैन व्यवस्थापन मात्र गर्न सकिन्छ। भूमिको व्यवस्थित व्यवस्थापनबिना न स्थानीय आवश्यकता पूरा गर्न सकिन्छ न आर्थिक/सामाजिक गतिविधिलाई दिगो बनाउन नै। विकासका प्रारम्भिक दिनमा भूमिको उपलब्धता रहन्छ तर विकास र बसाइँसराइका गतिविधि विस्तारसँगै भूमिको व्यवस्थित उपयोग गर्ने चुनौती सबै जसो मुलुकले भोग्ने गरेका छन्। जुन मुलुकमा भूमि स्रोतलाई सावधानीपूर्वक उपयोग गरिएको छ, त्यहाँ विकास र समृद्धिले बलियो रूप लिएको छ तर जहाँ भूमि स्रोतलाई सतही रूपमा लिइँदै आएको छ, त्यहाँ भने विकासका बहुआयामिक समस्या देखिएका छन्; असुरक्षित बसोबास, वातावरण ह्रास, जैविक विविधता विनाश, सुरक्षा तथा सेवा व्यवस्थापनमा समस्या देखिएका छन्। यसो हुनु विकास दिगो नहुनु हो। दिगो नहुने विकास कुनै पनि राष्ट्रको अभीष्ट हुन सक्दैन।

नेपालले छैटौँ तथा सातौँ पञ्चवर्षीय योजनादेखि वन तथा वातावरण संरक्षणको माध्यमबाट दिगो विकास गर्ने अवधारणा लियो। आठौँ योजना अवधिमा भने दिगो विकास, गरिबी निवारण र सन्तुलित विकासलाई एकीकृत रूपमा हेर्न थाल्यो। दिगो विकास वातावरणको मात्र मुद्दा नभई विकास व्यवस्थापनकै मुद्दा हो भन्ने कुरा त्यसपछिका आवधिक योजनामा स्विकारिन थालियो। विकासको मुख्य समस्या क्षेत्रगत अवधारणा पनि हो, जसले अर्को क्षेत्रलाई अन्तरबोध नगरी एकाङ्गी रूपमा कार्य गर्न खोज्छ। दिगो विकास लक्ष्यले भने विकास, वातावरण, शासकीय व्यवस्था र संस्थागत प्रणालीका आयाममार्फत विकासलाई दिगो बनाउने विस्तृत कार्यसूची लिएको छ तर सबै मुलुकमा सबै आयाम बराबर प्राथमिकतामा नरहन सक्दछन्। विकासको रणनीति जहाँ जे उपलब्ध छ, त्यसलाई उपयोग गरी बाँकी सम्भावना खोज्ने हो। विकसित तथा उदीयमान अर्थतन्त्रको आर्थिक प्रगति हेर्ने हो भने पनि यही कुराको पुष्टि हुन्छ। चीनले भूमि र मानव साधन उपयोग गर्‍यो, थाइल्यान्डले भूमि र पर्यटन सम्भावनाको उपयोग गर्‍यो। भियतनामले पनि त्यही ढाँचाको अभ्यास गर्दै छ।

नेपालको आर्थिक वृद्धि र विकासका लागि पनि यहाँ उपलब्ध प्राकृतिक स्रोतको उत्पादनशील उपयोग गर्ने प्रशस्त सम्भावना छ। कृषि उत्पादनमार्फत खाद्य पोषण सुरक्षा, रोजगारी सिर्जना र वातावरण संरक्षणका लागि भूमि स्रोतको व्यवस्थित उपयोग गर्न सकिन्छ, त्यो दिगो विकासको महत्वपूर्ण आधार हो। मुलुकको धरातलीय स्वरूपका कारण भूउपयोगलाई विभिन्न क्षेत्रमा वर्गीकरण गर्नुपर्ने अवस्था छ। धेरै भूमि (खेतीयोग्यको एक तिहाइ) बाँझो छ तर सहर बजारको भूमि अव्यवस्थित रूपमा प्रयोग हुन थालेको छ। यसले बस्ती, उत्पादन, सेवा र जोखिम व्यवस्थापनलाई प्रभाव पार्ने भएकाले समग्र मुलुकको भूमि स्रोतको उपयोगलाई अहिलेदेखि नै व्यवस्थित गरेनौँ भने आउने दिन भूउपयोग गर्नै नसक्ने पनि हुन सक्छ। जति ढिलो व्यवस्थापन त्यति नै जटिलताको अवस्था आउन सक्छ तर त्यो दिन आउन दिनु हुँदैन।

भनिरहनु पर्दैन, विकास र समृद्धिको पहिलो आधार त्यहाँ उपलब्ध प्राकृतिक स्रोत हो। प्राकृतिक स्रोतमध्ये पनि भूमि जीवन सहायता प्रणालीका लागि अपरिहार्य उत्पादनको सामर्थ्य भएको एक मात्र साधन हो। भूमिको सीमितताका कारण यसलाई आवश्यकता र सम्भावना अनुरूप उपयोग गरी भूमिमा आश्रित मानिस तथा अन्य जीव-वनस्पतिबिचको सन्तुलन ल्याई विकास र समृद्धिलाई दिगो बनाउनु जरुरी हुन्छ। सीमित प्राकृतिक साधन भूमिको अव्यवस्थित उपयोगले प्राकृतिक जोखिम, वातावरणीय असन्तुलन र जैविक विविधता विनाश भइरहेको छ। कृषियोग्य भूमि गैरकृषि क्रियाकलापमा उपयोग भइरहेको छ। सहरबजारका सार्वजनिक र गुठी जग्गा अतिक्रमणामा छन्; सहरबजारमा मात्र होइन, दुर्गम पालिकामा पनि सार्वजनिक जग्गा अभाव भइसकेको छ। उत्पादनका विशिष्ट सम्भावना भएका कतिपय भूमि बाँझो छन्। भूमिको खण्डीकरण पनि भइरहेको छ। यसले एकातिर विकास व्यवस्थापन महँगो हुने, अर्कोतर्फ खाद्य असुरक्षा र वातावरणीय क्षतिका त्रिपक्षीय असर देखिएका छन्। अव्यस्थित बसोबास र बस्ती संरचना निर्माणका कारण जोखिम निम्तिएको छ, सार्वजनिक सेवा व्यवस्थापन/वितरणमा प्रभाव परेको छ।

भूमि स्रोतलाई व्यवस्थित उपयोग गर्न नेपाल सरकारले नीति तथा कानुन तर्जुमा गरेको छ। भूउपयोग नीति, २०७२ ले भूमि स्रोतको व्यवस्थित उपयोग गर्ने नीति संरचना दिएको छ। राष्ट्रिय भूमि नीति, २०७५ ले भूमि सुशासन कायम गर्न ध्यान दिनुपर्ने बहुक्षेत्रीय आयाम पहिचान गरेको छ। भूउपयोग ऐन, २०७६ ले भूमि नीतिको अभिन्न भागका रूपमा रहेको भूउपयोगलाई आयामिक रूपमा सम्बोधन गरी सङ्घ, प्रदेश तथा स्थानीय तहको अधिकार तथा जिम्मेवारी र भूउपयोग कार्यविधि उल्लेख गरेको छ। जग्गा बाँझो नरहोस् भनी भूमि बैङ्कको अवधारणा लिइएको छ तर यी नीति संरचना अनरूप भूमि स्रोतको उपयोग भएको छैन। उपलब्ध भूमिलाई भूमि क्षेत्र योजना (ल्यान्ड जोनिङ) बनाई उपयोग क्षेत्रमा वर्गीकरण गर्नु आवश्यक छ, जसका आधारमा भूमिको मौजुदा अवस्थाको उपयोग, सम्भाव्य उपयोग र विस्तृत उपयोगको क्षेत्र पहिचान गर्न सकिन्छ।

भूउपयोग ऐन, २०७६ ले भूमि स्रोतलाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक क्षेत्र खानी तथा खनिज, वन, नदी सिमताल, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्त्विक क्षेत्र र अन्य क्षेत्रमा वर्गीकरण गरेको छ। कृषि क्षेत्रभित्र कृषि प्रवर्धन क्षेत्र, मौजुदा कृषि क्षेत्र, कृषि तथा वनक्षेत्र, सहायक कृषि क्षेत्र विशेष कृषि प्रवर्धन क्षेत्रका रूपमा वर्गीकरण गर्न सकिन्छ। त्यस्तै आवासीय क्षेत्र अन्तर्गत मौजुदा आवासको क्षेत्र, सम्भाव्य आवास विकास क्षेत्र र अन्य आवासीय संरचना क्षेत्रमा विभाजन गर्न सकिन्छ। व्यावसायिक क्षेत्रलाई पनि बजार तथा हाट क्षेत्र नियमित बजार र कारोबार क्षेत्र, उपभोक्ता बजार क्षेत्रमा विभाजन गर्न सकिन्छ। तहगत सरकारले भूमि स्रोतलाई वर्गीकरण गरी भूउपयोग योजना तर्जुमा गर्दा भूमिको क्षमता र उपयुक्तता, मौजुदा भूउपयोगको स्थिति, स्थानीय तथा प्रादेशिक आवश्यकता, भूमिजन्य जोखिम संवेदनशीलता, प्राकृतिक स्रोतको संरक्षण र आर्थिक विकासको क्षेत्र (ग्रोथ कोरिडोर) जस्ता विषयलाई रणनीति बनाउनु आवश्यक हुन्छ किनकि योजना बनाउनु आफैँमा रणनीतिक काम हो भने भूमि जस्तो सीमित स्रोतको योजना बनाउँदा अत्यन्तै सावधानी अपनाउनु पर्दछ। भूउपयोग योजनाका पात्र तिनै तहका सरकार भए पनि स्थानीय सरकारको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ। स्थानीय तहमा भूमि हुन्छ र भूमि स्रोतलाई उपयोग र दुरुपयोग गर्ने मानिस पनि त्यहीँ हुन्छन्। स्थानीय पालिकाले सर्वप्रथम भूमि स्रोतको एकीकृत तथ्याङ्क आधार, भूउपयोग नक्सा डाटा तयारी गर्नु पर्दछ किनकि भूमि स्रोतको खण्डीकृत तथ्याङ्क तथा विवरण तयार गरी तथ्यमा आधारित नीति कार्यक्रम तर्जुमा र कार्यान्वयनको आधार निर्माण गर्न पालिकालाई सङ्घीय संरचनाले सहयोग र क्षमता विकास गर्नु पर्दछ। प्रदेश सरकार समन्वयको भूमिकामा रहनु पर्दछ। पालिकाले भूमि स्रोतको भूमिको जोखिम संवेदनशील तथ्याङ्क तयार गर्नु पर्दछ। कतिपय पालिकाका भूमिमा जोखिम संवेदनशीलता छ। भूमिको तथ्याङ्क सङ्कलन, नक्सा डाटा तयारीपछि वार्षिक विकास कार्यक्रम, परियोजना पहिचान तथा विश्लेषण र योजना तर्जुमाका आयाममा वातावरणीय, आवस्थितिक र भौगर्भिक जोखिम विश्लेषण गरिनु आवश्यक छ, जसले हिमाली तथा उच्च पहाडी क्षेत्रको प्राकृतिक जोखिम न्यूनीकरण गर्न कार्यक्रम सञ्चालन आधार दिन्छ। त्यसरी नै नदी रेखा र बहाबलाई आधार मानी जलाधार प्रकोप न्यूनीकरण योजना तर्जुमा गर्न र योजना तथा वन संरक्षण र उपयोगलाई प्रकोप समुत्थानशीलतासँग आबद्ध गर्न सघाउँछ।

बाढी तथा भूस्खलनबाट हुन सक्ने धनजनको क्षति न्यूनीकरण एवं पारिस्थितिक प्रणालीमा आधारित जोखिम न्यूनीकरण गर्न पनि भूउपयोग योजनाले सघाउँछ। जलवायु परिवर्तनबाट कलिला पहाडमा पर्न सक्ने प्रभाव न्यूनीकरण गरी विकास र वातावरणबिच सहआबद्धता कायम गर्न भूउपयोग योजना एउटा रणनीति हो। स्थानीय पालिकाले स्थानीय भौतिक पूर्वाधार संरचना निर्माणमा हरित प्रविधिलाई उपयोग गर्नु पर्दछ भने जोखिममैत्री बस्ती विकासका स्थानीय मापदण्ड तय गरी दिगो र सुरक्षित आवास व्यवस्थापन अर्को संवेदनशील कार्य हो, निश्चित डिग्री स्लोपमा आवास संरचना निर्माण गरिने छैन भन्ने सुनिश्चितता पनि उत्तिकै जरुरी छ। सडक, नदी रेखा तथा अन्य जोखिमका क्षेत्रमा मानवबस्ती व्यवस्थापनका मापदण्ड निर्धारण र प्राकृतिक हराभरा, सौन्दर्य र बस्तीको एकीकृत अवधारणा कार्यान्वयन गर्न पनि आवश्यक छ। पालिका अहिले आगामी वर्षको वार्षिक विकास कार्यक्रम तर्जुमामा व्यस्त छन्। सबै पालिकाले भूउपयोगलाई केन्द्रमा राखेर दिगो विकासको अभीष्ट पूरा गर्ने सुदूर भविष्यको दृष्टिकोण राख्न भुल्न हुँदैन, स्थानीय सरकारका नाताले यो उसको दायित्व हो।

भूउपयोगलाई सङ्घीय सरकार एक्लैले कार्यान्वयन गर्न सक्दैन। संविधानले पनि तहगत सरकारलाई विकास व्यवस्थापनको जिम्मेवारी दिएको छ। न भूउपयोगको विषयलाई खण्डीकृत रूपमै हेर्नुपर्ने हुन्छ। यो विकास व्यवस्थापनको अन्तरसम्बन्धित विषय हो। एकीकृत रणनीति तर कार्यान्वयन भूमिका क्षेत्रगत र तहगत रूपमा गरेर नै भूमि स्रोतको प्रभावकारी र विवेकशील उपयोग गर्न सकिन्छ।

# अन्तर्राष्ष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## दिल्लीको रेस्टुरेन्टमा भीषण आगलागी, २१ जनाको मृत्यु, दर्जनौं घाइते

*नयाँ दिल्ली, जेठ २० -*
भारतको राजधानी नयाँ दिल्लीस्थित एक रेस्टुरेन्टमा भएको भीषण आगलागीमा कम्तीमा २१ जनाको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन्।



नयाँ दिल्लीको मालवीय नगर क्षेत्रमा रहेको 'लेमन ग्रीन' नामक रेस्टुरेन्टमा बुधबार बिहान करिब ८:५० बजे आगलागी भएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्। घटनापछि उद्धार तथा दमकल टोली तत्काल परिचालन गरिएको थियो।

दिल्ली अग्नि सेवा, दिल्ली प्रहरी तथा अन्य आपतकालीन निकायहरूले संयुक्त रूपमा उद्धार कार्य सञ्चालन गरेका थिए। आगो नियन्त्रणका लागि दमकलसहित विशेष उपकरण प्रयोग गरिएको थियो।

अस्पताल स्रोतका अनुसार घटनापछि साकेतस्थित म्याक्स अस्पतालमा पुऱ्याइएका ३९ जनामध्ये १८ जनाको अस्पताल पुग्नुअघि नै मृत्यु भएको थियो। हाल १५ जना आईसीयूमा उपचाररत छन्, जसमध्ये ८ जनाको अवस्था गम्भीर रहेको र उनीहरू भेन्टिलेटरमा राखिएका छन्। पाँच जनालाई सामान्य उपचारपछि डिस्चार्ज गरिएको छ। रेस्टुरेन्टको बेसमेन्टबाट केही व्यक्तिलाई उद्धार गरिएको पनि जनाइएको छ। आगलागीको कारण भने अझै स्पष्ट हुन सकेको छैन। घटनाप्रति भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ता र उपराज्यपाल तरणजीत सिंह सन्धूले दुःख व्यक्त गरेका छन्।

प्रधानमन्त्री मोदीले मृतकका परिवारलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषमार्फत जनही २ लाख भारतीय रुपैयाँ र घाइतेलाई ५० हजार रुपैयाँ आर्थिक सहायता दिने घोषणा गरेका छन्।

घटनाबारे विस्तृत अनुसन्धान जारी रहेको र उद्धार कार्य अझै सम्पन्न नभएको अधिकारीहरूले जनाएका छन्।

## थाइल्यान्डमा भएको ड्रोन आक्रमणमा म्यानमाका तीन जना आप्रवासीको मृत्यु

*बैङ्कक, जेठ २० गते।*
म्यानमाको गृहयुद्धमा प्रयोग गरिएको ड्रोन छिमेकी मुलुक थाइल्यान्डमा विस्फोट हुँदा तीन जना म्यानमाका आप्रवासीको मृत्यु हुनुका साथै दुई जना घाइते भएको थाई प्रहरीले बुधबार जनाएको छ। थाई अधिकारी म्यानमाको करेन राज्यको विपरीत टाक प्रान्तमा विस्फोट भएको खबर प्राप्त भएपछि घटना स्थलमा पुगेको स्थानीय प्रहरी प्रमुख अनुसोर्न डुङ्छोङलाई उदृत गर्दै एएफपीले बताएको छ। आक्रमणमा तीन जनाको मृत्यु भएको छ, तिनीहरू सबै म्यानमाका आप्रवासी कामदार रहेको प्रहरीले पुष्टि गरेको छ।



दुई देशको सीमामा रहेको रूखमा ठोक्किएर ड्रोन विस्फोट हुँदा नजिकैको खेतमा काम गर्ने मजदुरको मृत्यु भएको अनुसोर्नले बताउनु भएको छ। आक्रमणमा घाइते भएका दुई जनालाई उपचारका लागि स्थानीय अस्पतालमा लगिएको उहाँले बताउनुभएको छ। सन् २०२१ को विद्रोहमा सेनाले सत्ता कब्जा गरे देखि म्यानमाका सशस्त्र सेना प्रजातन्त्र समर्थक गुरिल्ला र शक्तिशाली जातीय-अल्पसङ्ख्यक सशस्त्र समूहसँग लडिरहेका छन्।

म्यानमाको सीमावर्ती क्षेत्रमा विभिन्न जातीय-अल्पसङ्ख्यक गुटको बसोवास स्थल हो, जस मध्ये धेरैले सन् १९४८ मा बेलायतबाट देश स्वतन्त्रता भए देखि स्वायत्तता र आकर्षक प्राकृतिक स्रोतको नियन्त्रणका लागि सेनासँग लडिरहेका छन्। सैन्य र जातीय सेना दुवैले युद्धमा ड्रोन प्रयोग गर्ने गरेको उल्लेख गर्दै थाई क्षेत्रमा विस्फोट भएको उक्त ड्रोन कुन पक्षले प्रक्षेपण गरेको थियो भन्ने बारे अझै स्पष्ट नभएको जनाएका छन्।

विद्रोही गुटले राज्यको धेरै भाग नियन्त्रणमा राखेका छन् भने मङ्गलबार सेनासँग भएको लडाइँले म्यानमाका धेरै मानिसलाई सीमा पार गरेर थाइल्यान्डमा पलायन गरेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

## रास्वपा...

पार्टीलाई थप सुदृढ बनाउनुपर्नेमा जोड दिएका थिए।

नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई अधिवेशनस्थलमै पद तथा गोपनीयताको शपथ ग्रहण गराइएको थियो। शपथपछि सभापति सुरेशराज केसीले नगरवासीको विश्वास जित्ने गरी संगठनलाई सक्रिय, प्रभावकारी र जनमुखी बनाउने प्रतिबद्धता व्यक्त गरे।

अधिवेशनले आगामी दिनमा वडा तहसम्म संगठन विस्तार गर्ने, युवाको सहभागिता बढाउने तथा स्थानीय सरोकारका विषयमा सशक्त रूपमा आवाज उठाउने निर्णयसमेत गरेको छ।

## टिकटकर ...

सम्बन्धी कसुरमा मुद्दा दायर गरिएको छ।

जाहेरीकर्ता कुमार चिमोरियाका अनुसार ६ करोड ५२ लाख २९ हजार ७५ रुपैयाँ ठगी भएको दाबी गरिएको छ। साथै, तुलसी अधिकारीको करिब २१ करोड रुपैयाँ बराबरको सम्पत्तिको स्रोत नखुलेको भन्दै सम्पत्ति शुद्धीकरण मुद्दा समेत अघि बढाइएको छ।

उनी २०८२ भदौदेखि फरार रहेकी थिइन्। पछि अन्तर्राष्ष्ट्रिय प्रहरी सञ्जाल इन्टरपोलको सहयोगमा चीन हुँदै थाइल्याण्डबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

## चुरे ...

तथा कैलाली-कञ्चनपुर क्षेत्रमा चुरे विनाशका कारण पानीको संकट र वातावरणीय जोखिम बढ्दै गएको निष्कर्ष निकालेको जनाएको छ।

ध्यानाकर्षण पत्रमा ढुंगा, गिट्टी र बालुवाको व्यावसायिक उत्खनन स्थायी रूपमा बन्द गर्न, क्रसर उद्योगलाई कडा कानुनी नियमनमा ल्याउन, चुरे क्षेत्रमा जल संरक्षणका लागि पोखरी निर्माण गर्न तथा अवैध रुख कटानी, डढेलो, चरिचरन र जथाभावी सडक निर्माण रोक्नुपर्ने माग गरिएको छ।

अभियानले चुरे क्षेत्रले चितवन, पर्सा, बाँके, बर्दिया र शुक्लाफाँटा लगायतका राष्ट्रिय निकुञ्जको जैविक विविधता संरक्षणमा महत्वपूर्ण भूमिका खेलिरहेको उल्लेख गर्दै यसको संरक्षणमा सरकार गम्भीर हुनुपर्ने जनाएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय तथा सातवटै प्रदेश सरकारलाई समेत बोधार्थ पठाइएको उक्त पत्रमार्फत 'चुरे जोगाऔँ, तराई बचाऔँ' अभियानलाई राष्ट्रिय अभियानका रूपमा अघि बढाउन आग्रह गरिएको छ।

अभियानमा संलग्न करिब ५० जनामध्ये १३ जना सक्रिय अभियन्ताले काठमाडौंसम्मको यात्रा पूरा गरेका थिए। सरकार चुरे संरक्षणप्रति गम्भीर नबने थप दबाबमूलक कार्यक्रम सञ्चालन गरिने सहसंयोजक भण्डारीले चेतावनी दिएका पत्रकार एवम् अभियान्ता मध्येका अनिल बर्माले जानकारी गराए।

## फर्सीको ...

सामान लुकाइएको दाबीले सीमा व्यवस्थापनमाथि गम्भीर प्रश्न उठाएको छ।

स्थानीयका अनुसार फर्सीको बीउ नेपालबा भारततर्फ र भारतबाट कपडा, चकलेट, काजु, किसमिस, हार्डवेयर र अन्य महँगो वस्तुहरूको समेत समानान्तर तस्करी भइरहेको छ। साथै नेपालतर्फबाट चिनियाँ स्याउ, श्रृंगार सामग्री तथा कृषि बीउ भारततर्फ अवैध रूपमा पठाउने कारोबार पनि सक्रिय रूपमा सञ्चालन भइरहेको दैनिक राताराता मात्रै नभई दिनभरि व्यापक दर्जनौ मोटरसाईकल लर्को देखिएको भिडोयो र फोटोले छताछकक पारेको छ।

सुरक्षा संयन्त्रभित्रै मिलेमतो रहेको दाबी गर्दै केही प्रहरी कर्मचारीहरू नाकाहरूमा अवैध असुली र तस्करीलाई संरक्षण गर्ने संरचनामा संलग्न रहेको आरोप स्थानीयले लगाएका छन्। सीमा क्षेत्रमा मासिक नजराना उठाउने प्रणाली नै सक्रिय रहेको दाबीसमेत गरिएको छ।

भारततर्फ रक्सौल, आदापुर, छौडादानो, जमुनिया र घोडासहनसँग जोडिएका संगठित तस्कर समूहहरू सक्रिय रहेको स्थानीय स्रोतको भनाइ छ। सुरेन्द्र, भोला, अरविन्द, मास्टर, खेन्ना, मटर, रंजित र मोजामिलजस्ता नामहरू यस सञ्जालसँग जोडिएको दाबी सार्वजनिक भएको छ। यसैगरि रौतहटको बंकुल नरकटिया र औरैया सिमानाका फर्सिको बीउ तस्करीको हब बनेको छ।

अर्थ मन्त्रालयले छोटी भन्सार कार्यालयहरू खारेज गरेपछि सीमा निगरानी कमजोर बनेको र त्यसको प्रत्यक्ष फाइदा तस्कर समूहले उठाइरहेको स्थानीयको निष्कर्ष छ। हाल मटिअर्वा छोटी भन्सार मात्र सञ्चालनमा रहे पनि अपेक्षित राजस्व संकलन नहुँदा सीमा व्यवस्थापन र राज्यको राजस्व प्रणालीमाथि नै गम्भीर प्रश्न उठेको छ।

## सशस्त्र ...

चौधरीको मोबाइलको अन्तिम लोकेसन काभ्रेपलाञ्चोक क्षेत्रमा देखिएपछि प्रहरी अनुसन्धान त्यसतर्फ केन्द्रित भएको थियो। स्थानीयले जंगलभित्र दुई जनाको शव भुण्डिएको अवस्थामा देखिएपछि प्रहरीलाई खबर गरेका थिए। घटनास्थलमा पुगेको प्रहरी टोलीले पहिचान प्रक्रिया पूरा गरी दुवै शवलाई धुलिखेल अस्पताल पठाएको छ।

प्रहरीले घटनालाई संवेदनशील रूपमा लिएर थप अनुसन्धान भइरहेको जनाएको छ। दुवै जनाको मृत्युको कारण, घटनाको पृष्ठभूमि र सम्भावित परिस्थितिबारे विस्तृत अनुसन्धानपछि मात्र वास्तविक अवस्था खुल्ने प्रहरीको भनाइ छ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-


- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# संयुक्त राष्ट्रसंघको प्रथम समिति अध्यक्षमा नेपाल निर्वाचित, कूटनीतिक उपलब्धि

***काठमाडौं, जेठ २० -***
नेपाल संयुक्त राष्ट्रसङ्घीय महासभा (युएनजीए) को ८१औँ अधिवेशनअन्तर्गत प्रथम समिति (निःशस्त्रीकरण तथा अन्तर्राष्ट्रिय सुरक्षा) को अध्यक्षमा निर्वाचित भएको छ।



यो उपलब्धिलाई नेपालका लागि महत्वपूर्ण कूटनीतिक सफलता मानिएको छ। लामो समयदेखि बहुपक्षीयता, अन्तर्राष्ट्रिय शान्ति, सुरक्षा तथा निःशस्त्रीकरणका प्रयासमा सक्रिय रहँदै आएको नेपालको भूमिकालाई अन्तर्राष्ट्रिय समुदायले दिएको विश्वासका रूपमा यसलाई हेरिएको छ।

संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि राजदूत लोकबहादुर थापाले सदस्य राष्ट्रहरूले नेपालप्रति देखाएको विश्वास र समर्थनप्रति आभार व्यक्त गरेका छन्। उनले उक्त जिम्मेवारी निष्पक्षता, पारदर्शिता र समावेशिताका आधारमा प्रभावकारी रूपमा निर्वाह गर्ने प्रतिबद्धता जनाएका छन्।

न्युयोर्कस्थित नेपालको स्थायी नियोगका अनुसार उक्त समितिले निःशस्त्रीकरण, अन्तर्राष्ट्रिय सुरक्षा तथा विश्व शान्तिसम्बन्धी विषयमा छलफल र निर्णय प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्दै आएको छ।
नेपालको यस उपलब्धिलाई अन्तर्राष्ट्रिय मञ्चमा देशको कूटनीतिक उपस्थिति थप सुदृढ हुने संकेतका रूपमा लिइएको छ।

# मधेश सरकारमा मन्त्रालय घटाउने तयारी, कार्यदल गठन

***काठमाडौं, जेठ २० -***
मधेश प्रदेश सरकारले मन्त्रालयहरूको वर्तमान संरचना पुनःसंरचना गर्दै संख्या घटाउने प्रक्रिया अघि बढाएको छ।




मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले मन्त्रालयहरूको संख्या घटाउने सम्बन्धमा अध्ययन गरी सुझाव दिन अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा तीन सदस्यीय उच्चस्तरीय कार्यदल गठन गर्ने निर्णय गरेको हो।

कार्यदलमा मुख्यमन्त्री कार्यालयकी सचिव पार्वती शर्मा र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेल सदस्य रहेका छन्।
कार्यदललाई मन्त्रालयहरूको कार्यबोझ, जनशक्ति अवस्था र प्रभावकारिता अध्ययन गरी कुन-कुन मन्त्रालय गाभ्न सकिन्छ भन्ने विषयमा ठोस सुझावसहित प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको छ।
सत्ता समीकरण परिवर्तनसँगै सत्ता साझेदार दलहरूबीच प्रशासनिक संरचना छरितो बनाउने र मन्त्रालयको संख्या घटाउने विषयमा सहमति भएपछि यो निर्णय गरिएको जनाइएको छ।
हाल मधेश प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १२ वटा मन्त्रालय सञ्चालनमा रहेका छन्। सहमति अनुसार मन्त्रालयहरूको संख्या घटाएर ९ वटामा सीमित गर्ने तयारी गरिएको छ। कार्यदलको प्रतिवेदनपछि मन्त्रालय गाभ्ने तथा मन्त्रिमण्डल पुनःसंरचना गर्ने सरकारको योजना रहेको बताइएको छ।

# रास्वपा सिमरा नगर अधिवेशन सम्पन्न, सुरेशराज केसीको नेतृत्वमा नयाँ समिति

***सिमरा, बारा, जेठ २० -***
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को जीतपुरसिमरा उपमहानगरपालिका नगर अधिवेशन सिमरामा सम्पन्न भएको छ। अधिवेशनले सुरेशराज केसीको नेतृत्वमा नयाँ नगर कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको छ।



नवगठित समितिको उपसभापतिमा कविता चौधरी, सचिवमा अमृत बस्याल तथा सहसचिवमा नारायण उप्रेती चयन भएका छन्।
त्यसैगरी सदस्यहरूमा उषा बुढाथोकी प्रसाईं, सुशीला कार्की, मालती भट्टराई, रामबाबु साह, मुकेश साह कलवार, कुणालराज गिरी, नसिमा खातुन, शेराबुल हक, मजीबुल रहमान अन्सारी, इन्द्रा ब्याल, सुवास थापा, शेरबहादुर थापा, सुशील लम्साल र दुर्गा पौडेल रहेका छन्।
अधिवेशनमा पार्टीका जिल्ला तथा क्षेत्रीय तहका नेताहरूको सहभागिता रहेको थियो। सहभागी वक्ताहरूले संगठन विस्तार, सुशासन, पारदर्शिता र जनउत्तरदायी राजनीतिक अभ्यासलाई प्राथमिकतामा राख्दै

बाँकी तेस्रो पृष्ठमा

# चुरे संरक्षण ऐन र क्रसर उद्योग बन्द गर्न सरकारसँग अभियानकर्ताको माग

***काठमाडौं, जेठ २० -***
चुरे तथा वनजंगल संरक्षण अभियान नेपालले चुरे क्षेत्रको बढ्दो विनाश, सुक्दै गएका पानीका मुहान र तराईमा बढ्दो मरुभूमीकरणको जोखिमप्रति सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ।




अभियानले कृषि, वन तथा वातावरण मन्त्रालयमार्फत सरकारलाई ध्यानाकर्षण पत्र बुझाउँदै चुरे संरक्षणका लागि तत्काल प्रभावकारी नीति, ऐन तथा गुरुयोजना कार्यान्वयन गर्न माग गरेको हो।

अभियानका संयोजक सुनिल यादव, सहसंयोजक सहजेश भण्डारी र महासचिव वासुदेव डल्लाकोरीद्वारा हस्ताक्षरित पत्रमा चुरेलाई तराईको 'जीवनरेखा' र 'आमा'को संज्ञा दिँदै यसको दीर्घकालीन संरक्षणलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्ने उल्लेख गरिएको छ।

अभियानका अनुसार गत वर्ष काठमाडौंमा तीन महिनासम्म धर्ना दिँदा पनि राज्यले माग सम्बोधन नगरेपछि यस वर्ष जेठ १ गतेदेखि ११ गतेसम्म मेचीदेखि महाकालीसम्म हस्ताक्षर अभियान तथा जनचेतनामूलक यात्रा सञ्चालन गरिएको थियो। अभियानले विशेषगरी मधेश प्रदेश

बाँकी तेस्रो पृष्ठमा

# टिकटकर तुलसी अधिकारीको मुद्दा : ४० वकिलको बहस

***ललितपुर, जेठ २० -***
टिकटकर तुलसी अधिकारीविरुद्धको मुद्दामा ४० जना स्वयंसेवी वकिलले वकालतनामा दर्ता गरे पनि बहस नसकिएपछि अदालतले थुनछेक आदेश दिन सकेको छैन।
ललितपुर जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको इजलासमा बुधबार भएको सुनुवाइ 'हेर्दाहेर्दै' अवस्थामा राखिएको छ।



बहस पूरा हुन नसकेपछि अदालतले उनलाई पुनः प्रहरी हिरासतमा पठाउने आदेश दिएको छ।
ललितपुरका प्रहरी प्रमुख एसएसपी होबिन्द्र बोगटीका अनुसार अधिकारीलाई आज पनि सोही हिरासतमा राखिनेछ।
उनीविरुद्धको मुद्दा नेपाल सरकार वादी बनेर दायर गरिएको हो। मुद्दामा टिकटकर अधिकारीसहित अशोककुमार अग्रवाललगायत १० जना प्रतिवादी रहेका छन्।
आरोपपत्रअनुसार उनीहरूविरुद्ध आपराधिक लाभ (एक्सटर्सन), संगठित अपराध तथा सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ)

बाँकी तेस्रो पृष्ठमा

# सशस्त्र प्रहरी असई र युवती काभ्रेको जंगलमा मृत फेला

***२० जेठ, काभ्रे ।***
काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका-३ स्थित ठुली सामुदायिक वनमा सशस्त्र प्रहरी बलका सहायक निरीक्षक (असई) शक्ति राम र एक युवती मृत अवस्थामा फेला परेका छन्। दुवै जना झुण्डिएको अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालय काभ्रेले जनाएको छ।





प्रहरीका अनुसार पर्साको बहुदरमाई नगरपालिका-८, रामनगरी घर भएका असई शक्ति राम सशस्त्र प्रहरी बल नम्बर १५ गण काभ्रेपलाञ्चोकमा कार्यरत थिए। उनी वैशाख १९ गते दुई दिनको बिदा लिएर गणबाट निस्किएका थिए भने त्यसपछि सम्पर्कविहीन भएका थिए।
त्यसैगरी कैलालीको घोडाघोडी नगरपालिका-१ की २६ वर्षीया शर्मिला चौधरी पनि सोही स्थानमा मृत फेला परेकी हुन्। प्रारम्भिक जानकारी अनुसार उनी वैशाख १८ गते शक्ति रामलाई भेट्न काभ्रे आएको देखिएको छ।
प्रहरी विवरणअनुसार दुवै जनाको मोबाइल फोनमा लामो समयदेखि सम्पर्क हुन नसकेको थियो। खोजतलासका क्रममा शर्मिला

बाँकी तेस्रो पृष्ठमा

तातो हावा वा लू बाट बच्ने उपायहरु



हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।